कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय, कालीकोट**

फोन नं. ०८७-४४०३७१
इमेल: sdokalikot@gmail.com

पत्र संख्या: २०८२/०८३
च.नं:

मिति: २०८२/०७/१४

## दोस्रो पटक छात्रवृत्ति सम्वन्धी सूचना।

उपरोत्त विषय सम्वन्धमा चालु आ. व. २०८२।०८३ मा यस कार्यलयको वार्षिक वजेट तथा कार्यक्रम अनुसार कालिकोट जिल्लाको लागि देहाय वमोजिमको छात्रवृत्ति वितरणका लागि एकिकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८१ को दफा ६ वमोजिम **मिति २०८२।०७।१४ गते देखि २०८२।०७।२० गतेसम्म (७दिने) पुनसः म्याद थप गरी सूचना प्रकाशन गर्ने निर्णय भएकोले** तल उल्लेखित छात्रवृत्ति प्राप्त गर्न कालिकोट जिल्लामा स्थायी वसोवास भई नेपाल भित्रका शैक्षिक संस्थाहरुमा अध्ययनरत तथा एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लेखित आधारहरु पुरा भएका विद्यार्थीहरुले यस कार्यलयमा उपस्थिति भई तोकिएको छात्रवृत्ति फारम भरी उल्लेखित मिति भित्र यस कार्यालयमा आवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना पुनः प्रकाशन गरिएको छ।

**तपसील:**

| क.स. | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने विषय/तह | कोटा दर | दर रकम | आवेदन फारम साथ बुझाउनुपर्ने कागजातहरु |
|---|---|---|---|---|---|
| १ | उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति | सवै विषयमा स्नातक वा स्नाकोत्तर अध्ययनरत | १० जना | २४ हजार | १. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि<br>२. सम्वन्धित निकायवाट जारी भएको अपाङ्गता प्रमाणपत्र।<br>३. सम्वन्धित स्थानीय तहवाट स्थायी ठेगाना प्रमाणित कागजात।<br>४. नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको भनि अध्ययनरत शैक्षिक संस्थाको सिफारिस।<br>५.अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरु।<br>६. आवेदक स्वयंमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि।<br>७. कागजातहरु स्वयमले प्रमाणित गर्नुपर्नेछ। |

**नोट:** छात्रवृत्तिका लागि भर्नुपर्ने आवेदन फाराम, एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८१ र अन्य कुनै विषयमा दुविधा भएमा जानकारी लिन यस सामाजिक विकास कार्यालय कालिकोटको फोन नं. ०८७-४४०३७१ मा सम्पर्क गर्नुहुन वा सुचना अधिकारी श्री विमला के. सी. ९७४२३६८७४७ मा सम्पर्क राख्नहुन सम्वन्धित सवैमा पूनः जानकारी गराइन्छ।

विमला के.सी.
प्राविधिक सहायक

CamScanner